बाटोको काम नगरे १७ गतेदेखि संघर्ष गरिने

युगबोध समाचारदाता

घोराही, १० वैशाख । घोराही-१५ तुलसीपुरचोकदेखि प्रहरी विद्यालयसम्मको बाटो तत्कालै निर्माण कार्य थालनी नगरे १७ गतेदेखि स्थानीयले संघर्ष गर्ने भएका छन् । कठिन परिस्थिति आउन सक्ने चेतावनी दिदै स्थानीयहरुले आइतबार घोराही उपमहानगरपालिकाका प्रमुख नरुलाल चौधरीलाई लिखित जानकारी गराएका छन् । त्यसको बोधार्थ प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी प्रमुखलाई बुझाएका छन् ।

'असार मसान्तसम्म काम गरे भने गरे'- ज्ञापनपत्र बुझ्दै नगरप्रमुख चौधरीले भन्नुभयो- 'असारभित्र काम गरेन भने ठेकेदारलाई कारवाही गर्नुको विकल्प छैन ।' उहाँले गुणस्तरहीन काम गरेपछि काम रोकिदिएको स्थानीयलाई जवाफ दिनुभयो । अब क्वालिटीको विटोमिन ल्याएर मात्रै काम गर भनिएको छ । आजै ठेकेदारले भेटेर तुरुन्तै काम चालु गर्ने विश्वास दिलाएका छन् ।

स्थानीयले फूटपाथबिनाको बाटो बनाउन थालेको गुनासो गरेका थिए । 'फूटपाथ अधुरो बन्दा हिड्ने बाटै छैन । नालामा ठाउँ ठाउँमा ढक्कन बिनाका भ्वाङ छन् । दुर्घटनाको खतरा रहेको छ । सडकमा उडेको धुलोले आसपासका घरमा फोहोरको ठूलै समस्या ल्याएको छ । अब पनि सडक नबनाए धुलो जम्मा गरेर दुई चार ट्रिप घोराही उपनगरपालिका कार्यालय भित्र हाल्ने हो'- स्थानीयले भने । घोराही-१५ का अध्यक्ष रमेशकुमार पाण्डेयको अध्यक्षतामा शनिबार बसेको बैठकले विगत दुई वर्षदेखि थालिएको बाटो पूरा गराउन संघर्ष गर्ने निर्णय गरेको थियो । निर्माण नहुँदासम्म आन्दोलन जारी राख्ने उनीहरुको भनाइ छ । आन्दोलनको पहिलो चरणका रुपमा टोलका अगुवाले आइतवार घोराही उपमहानगरलाई ज्ञापनपत्र बुझाएका हुन् ।

बाटोको दुरावस्थाका कारण स्थानीयले अनेक सास्ती भोग्नुपरेको ज्ञापनपत्रमा उल्लेख गरिएको छ । 'विगत दुई वर्षदेखि धुलो माटो खान बाध्य छौं । दैनिकजसो दुर्घटना हाम्रो नियति बनेको छ । बाटो बिगार्ने काम खरायोको गतिमा र बनाउने काम कछुवाको गतिमा भएको छ । कहिले बाटो खन्ने, कहिले पुर्ने, कहिले धुलो उडाउने र काम गर्दा गर्दै अर्को साइटमा जाने नाटक भइरहेको छ । अब टुलुटुलु नाटक हेरेर बस्न सकिँदैन । बेलैमा कुरा नसुनिए कडा संघर्षका कार्यक्रम ल्याउनुको विकल्प छैन'- उनीहरुले भने । ज्ञापनपत्र बुझाउन प्रभावित क्षेत्रका टोलहरु आदर्श, ज्योतिपुञ्ज, गुलरिया र अमृतटोलका प्रमुख तथा प्रतिनिधिको सहभागिता थियो ।

ट्याक्टर तथा यातायात ढुवानी सेवाको साधारणसभा

युगबोध समाचारदाता

तुलसीपुर, १० वैशाख । यातायात व्यवसायीहरुमा एकता आवश्यक रहेको एक कार्यक्रममा बोल्ने वक्ताहरुले बताएका छन् । शनिबार तुलसीपुरमा सम्पन्न दाङ ट्याक्टर तथा यातायात ढुवानी सेवा प्रालिको प्रथम साधारणसभा तथा अधिवेशन कार्यक्रममा बोल्ने वक्ताहरुले यस्तो बताएका हुन् ।

संस्थाका अध्यक्ष चिन्तामणि आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि संस्थापक अध्यक्ष ओमप्रकाश गुप्ता, विशिष्ट अतिथि संस्थापक सदस्य चिरञ्जीवी रिजाल, सञ्चालक समितिका सदस्य विमल रिजाल, प्रेम बिक, पुष्पराज गिरी, विजय केसीलगायतले बोल्नुभएको थियो ।

अधिवेशनले आगामी कार्यकालका लागि पुनः आचार्यकै अध्यक्षतामा ११ सदस्यीय सञ्चालक समिति गठन गरेको छ । जसको सदस्यमा बिमल रिजाल, द्रोर्ण देवकोटा, शम्भु पोखेल, बालाराम गौतम, पमलाल भट्टराई, मेघराज घिमिरे, केशरबहादुर ज्ञवाली र महेश लम्साल चयन हुनुभएको छ । कार्यक्रममा प्रशासनिक संयोजक द्रोणप्रसाद देवकोटा र लेखा समिति संयोजक मेघराज घिमिरेले प्रस्तुत गरेको प्रतिवेदन सर्वसम्मत पारित गरिएको थियो । सदस्य शम्भु पोखेलको स्वागत मन्तव्यबाट शुरु भएको कार्यक्रमको सहजीकरण द्रोणप्रसाद देवकोटाले गर्नुभएको थियो ।

रगत अभाव न्यूनीकरणमा 'थर्ड आई'

युगबोध समाचारदाता

तुलसीपुर, १० वैशाख । थर्ड आई नेपालको आयोजनामा तुलसीपुरस्थित रक्त सेवा केन्द्रमा रक्तदान कार्यक्रम गरिएको छ । कार्यक्रमबाट ३० पिन्ट रगत जम्मा भएको केन्द्रले जनाएको छ ।

थर्ड आई नेपाल समाजको विभिन्न क्षेत्रमा कार्यरत युवाहरु सम्मिलित संस्था भएको र यसको मुख्य उद्देश्य रक्त अभाव न्यूनीकरण भएको संस्थाका महासचिव सन्तोष लामिछानेले बताउनुभयो । 'हुन त हाम्रो विधानअनुसार अन्य सामाजिक उत्तरदायित्वका काम पनि गर्छौं तर हाम्रो मुख्य उद्देश्य भनेको रक्त अभाव न्यूनीकरण हो'- उहाँले भन्नुभयो- 'यो अभियानलाई प्रविधिमैत्री बनाउँदै छौं । छिट्टै मोवाइल एप बनाएर रगत अभावको अवस्था आउनै नदिने योजनाका साथ अघि बढेका छौं ।'

हाल यो संस्था दाङ केन्द्रित जस्तो भएको छ । आगामी दिनमा यसलाई देशव्यापी बनाउने विषयमा छलफल र विभिन्न जिल्लामा रगत अभाव न्यूनीकरणका क्षेत्रमा काम गरिरहेका व्यक्तिहरुसँग समन्वय गरिरहेको महासचिव लामिछानेले बताउनुभयो । पहिलो प्राथमिकतामा सामाजिक उत्तरदायित्वलाई राख्ने र सँगै युवा उद्यमशीलतालाई पनि जोडेर अघि बढ्ने संस्थाको योजना रहेको उहाँले बताउनुभयो ।

शिक्षक संगठनको अध्यक्षमा पाण्डेय

युगबोध समाचारदाता

घोराही, १० वैशाख । अखिल नेपाल राष्ट्रिय शिक्षक संगठन दाङको अध्यक्षमा ईश्वरीप्रसाद पाण्डेय चयन हुनुभएको छ । संगठनको शनिबार घोराहीमा भएको भेलाबाट सचिवमा सुशीला घिमिरे (वैद्य), कोषाध्यक्ष रमा पोखेल चयन हुनुभएको छ । सदस्यहरुमा गीता पोखेल, लीला घर्तीलगायत हुनुहुन्छ ।

संगठनका अध्यक्ष ईश्वरी पाण्डेयको अध्यक्षतामा भएको भेलामा प्रगति प्रतिवेदन सुशीला घिमिरे (वैद्य) ले र आर्थिक प्रतिवेदन कोषाध्यक्ष रमा पोखेल पेश गर्नुभएको थियो ।

भेलामा नेकपा क्रान्तिकारी माओवादीका जिल्ला सेक्रेटरी तिलक विक, सचिवालय सदस्य गोपाल वैद्य, पूर्व शिक्षक तथा सल्लाहकार वामदेव पोखेललगायतले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

अनधिकृतरूपमा प्रकाशित पात्रो नियन्त्रण गर्न परिपत्र

युगबोध समाचारदाता

घोराही, १० वैशाख । अनधिकृतरूपमा प्रकाशन भएका पात्रो, भित्तेपात्रो र गोजीपात्रोको निरीक्षण अनुगमन गरी नियन्त्रण गर्न गृह मन्त्रालयले ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई परिपत्र गरेको छ । मन्त्रालयका उपसचिव भीमकान्त शर्माले जारी गरेको परिपत्रमा मन्त्रिपरिषद्ले समेत सार्वजनिक विदाका सम्बन्धमा निर्णय लिदा नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले तयार पारेको 'डेट प्याड' समेतलाई आधार लिने गरेको तथा पात्रो, भित्तेपात्रो र गोजीपात्रोको स्वीकृति दिने काम पनि समितिकै भएको उल्लेख छ ।

पात्रो, भित्तेपात्रो र गोजीपात्रो प्रकाशन गरी बिक्री, वितरण गराउने काम समितिको गठन आदेश, २०७७ मा उल्लेख भएकाले अनधिकृतरूपमा स्वीकृति नलिई प्रकाशन भएका पात्रो, भित्तेपात्रो र गोजीपात्रोलाई कारवाही गर्न मन्त्रालयले परिपत्र गरेको हो । समितिको आन्तरिक व्यवस्थापन दिग्दर्शन, २०७९ मा पञ्चाङ्ग (पात्रो), भित्तेपात्रो र गोजीपात्रो प्रकाशन गर्न चाहनेले नियमानुसार स्वीकृति लिनुपर्ने उल्लेख छ । स्वीकृति लिएर प्रकाशन भए/नभएको स्थानीयरूपमा निरीक्षण तथा अनुगमन जिल्ला प्रशासन कार्यालयबाट हुने व्यवस्था समितिको दिग्दर्शनमा रहेको परिपत्रमा उल्लेख छ ।

सरकारले बिदा स्वीकृत गर्नुपूर्व नै स्वीकृति नलिई गलत मुहूर्त र चाडपर्व राखी प्रकाशन भएका पात्रो, भित्तेपात्रो र गोजीपात्रो बजारमा छ्याप्छ्याप्ती रहेकाले निरीक्षण एवं अनुगमन गरी सचेत गराउन र आगामी वर्षदेखि यस्ता काम कारवाही नियन्त्रण गर्न/गराउन पनि मन्त्रालयले जिल्ला प्रशासन कार्यालयहरूलाई निर्देशन दिएको छ ।

मन्त्रालयले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको पत्राचारबमोजिम सबै जिल्ला प्रशासन कार्यालयहरूलाई परिपत्र गरिएको उपसचिव शर्माले जानकारी दिनुभयो । गृहमन्त्रालयको परिपत्रपछि अनधिकृतरूपमा प्रकाशन भइरहेका पात्रो, भित्तेपात्रो र गोजीपात्रोका कारण चाड, पर्व, तिथि, मितिका बारेमा हुने समस्या समाधान हुने विश्वास लिएको समितिले जनाएको छ ।

बस्ती र खेतीयोग्य जमिन बचाउन तटबन्ध

युगबोध समाचारदाता

तुलसीपुर, १० वैशाख । तुलसीपुर-१२ कचिला क्षेत्रमा कस्ती र खेतीयोग्य जमिन बचाउन तटबन्ध गर्न थालिएको छ । दाङ उपत्यकाको ठूलो खोला ग्वारको पश्चिम र बबईको पश्चिम दक्षिणतर्फको करिब चार सय घरधुरी रहेको कचिला गाउँ सधैं बाढीको जोखिममै हुन्थ्यो ।

२०७९ कार्तिक महिनामा आएको बबई नदीको बाढीले करिब दश बिगाह बढी क्षेत्रफलको खेती योग्य जमिन कटान गरेको थियो भने बाढी बस्तीमा पसेको थियो । मानवीय क्षति नभए पनि अन्नबाली सबै बाढीले बगाएर लगेको थियो । तुलसीपुर उपमहानगरपालिकाको बाढीबाट सबैभन्दा बढी जोखिमको क्षेत्र वडा नं. १२ को कचिला र १४ नं. को डबकपुरमा वैशाख महिनाभित्रै तटबन्धनको काम सम्पन्न गर्ने लक्ष्य राखेर काम शुरु गरिएको छ । तुलसीपुर-१२ का वडाध्यक्ष खुशीराम चौधरीले ग्वारखोलादेखि शीतलपुर बबई नदी पुलसम्म करिब दुई किलोमिटर क्षेत्रमा तटबन्धको आवश्यकता रहेको बताउनुभयो ।

यो वर्ष भने सबैभन्दा जोखिमयुक्त क्षेत्रमा एक सय २० मिटरमा तटबन्ध गर्न शुरु गरिएको छ । वडाध्यक्ष चौधरीले पालिकाको नदी तट क्षेत्रको सबैभन्दा ठूलो घनाबस्ती रहेको कचिला गाउँलाई बाढीबाट बचाउन तटबन्ध अनिवार्य रहेको बताउनुभयो । उहाँले विगतमा वडा नं. १३ को फूलबारी क्षेत्र दक्षिणतर्फ मात्रै तटबन्ध गर्दा कचिलातर्फ नदीले बहाव परिवर्तन गरेका कारण बस्ती बढी जोखिममा परेको बताउनुभयो ।

वडाध्यक्ष चौधरीले तटबन्धबाट नदीले कटान गरेको खेतीयोग्य जमिन उकासेर त्यस क्षेत्रमा तरकारी पकेट क्षेत्र निर्धारणका साथै प्रत्येक हप्ता कृषिजन्य वस्तुको हाट बजार व्यवस्थापन गरिने बताउनुभयो । उहाँले तटबन्धबाट करिब चार सय बिगाह खेतीयोग्य जमिन सुरक्षित रहने बताउनुभयो ।

तुलसीपुर उपमहानगरपालिकाका प्रमुख टीकाराम खड्काले बाँकी क्षेत्रमा तटबन्धको कार्यलाई अघि बढाउन संघीय सरकारअन्तर्गत रहेको जनताको तटबन्ध कार्यालयसँग समन्वय गरिएको बताउनुभयो ।

परिपुरण...

मान्छेको नाममा स्मृति भवन, बाटो, चोकको नामाकरण गरिदिए हामी क्षमा दिन्छौं ।'

नेपालमा द्वन्द्वपीडितको सत्यतथ्य छानबिन गर्न सत्यनिरुपण तथा बेपत्ता आयोग बनाइएको थियो । आयोगमा ६३ हजार बढी उजुरी परेका छन् । आयोगले काम गरेर न्याय दिन्छ भन्नेमा पीडित नै विश्वस्त हुन सकेका थिएनन्, छैनन् । पूर्वमन्त्री एवं मानव अधिकारको वकालत गरिरहेका गोविन्द बन्दीले शान्ति प्रक्रियालाई अनावश्यक लम्ब्याइएको बताउनुभयो । बन्दीको भनाइ थियो- 'नेता र सेना फस्किदा शान्ति प्रक्रिया टुंगिएको छैन । उनीहरु फस्किनुपर्दैन । गम्भीर अपराध गरेकालाई कारवाही गर्नुपर्छ । मिल्ने जतिलाई मिलाउनुपर्छ ।'

परिपूरणलाई अधिकारको रुपमा अगाडि ल्याएको उल्लेख गर्दै बन्दीले ६३ हजार उजुरीमध्ये राम्ररी छानबिन गर्ने हो भने तीन हजारमा मात्रै बच्ने बताउनुभयो । उहाँले धेरै निवेदन अनावश्यक हालेको उल्लेख गर्नुभयो । हेग कन्भेन्सनको धारा ३ ले क्षतिपूर्तिको कुरा उल्लेख गरेको उल्लेख गर्दै बन्दीले काम गर्न सक्ने मान्छेलाई आयोगमा पठाएर काम गर्ने हो भने आयोगमा परेका उजुरी चाडै टुंगिने बताउनुभयो । राहतका लागि दलहरुले आफ्ना मान्छेलाई अगाडि सार्दा यो समस्यालाई जटिल बनाइएको भन्दै बन्दीले अरु देशको हेर्दा नेपालको यो समस्या एक कप चियाजत्तिकै सानो भएको उल्लेख गर्नुभयो ।

उपनिर्वाचनमा...

स्वतन्त्रता र निष्पक्षतामा कहीं कतैबाट विवाद हुन नदिन र त्यस्तो अवस्था सिर्जना भएमा निर्वाचन विवाद (सुनुवाइ र निरुपण) सम्बन्धी कार्यविधि, २०७६ बमोजिम विवाद निरुपण गरी कार्य गर्न आयोगले सम्बन्धित मुख्य निर्वाचन अधिकृतलाई निर्देशन दिइएको आयोगका उपसचिव कमल ज्ञवालीले जानकारी दिनुभयो ।

आगो...

पौडेलका अनुसार दर्जनबढी गाउँका घरहरु जोखिममा छन् । तीमध्ये सिमलखुटीका दुई घर, बखरियाका पाँच घर, रनियापुरका तीन घर र बराखुटीका दुई घर आगलागीको उच्च जोखिममा छन् ।

यदि कुनै त्यस्तो घटना भइसकेको हो भने विपत् व्यवस्थापन शाखाले हेर्छ तर पूर्वतयारीका लागि कुनै कार्यक्रम नभएको तुलसीपुर उपमहानगरपालिका वस्ती विकास शाखा प्रमुख हिमाल शर्माले बताउनुभयो । 'केन्द्र सरकारले नै गर्न थालेपछि स्थानीय सरकारले जस्ता पाता वितरण अभियान बन्द गरिसकेको छ । अहिले हामीले केन्द्रको बजेट मात्र चलाएका छौं । त्यो पनि २०७७/०७८ मा आयो, त्यसयता आएको छैन । पहिला छनोट भएकाहरुको क्रमागत बजेट मात्रै वितरण गरिरहेका छौं'- उहाँले भन्नुभयो- 'विपत्को उच्च जोखिम छ भन्ने प्रस्ताव आएमा कार्यपालिकाले समस्या समाधानका लागि निर्णय गऱ्यो भने चाहीं काम गर्न सकिन्छ ।' जोखिमको समस्या लिएर नागरिकहरु दिनहुँजसो आउने गरे पनि पालिकाभित्रका कति घर परिवार जोखिममा छन् भन्ने एकीन तथ्यांक नभएको उहाँले बताउनुभयो ।

पालिकाले खरका छान मुक्त गर्न सक्ने अवस्था छैन । संघकै बजेट कार्यान्वयन गर्ने हो तर संघबाट पनि बजेट नआएका कारण टीन उपलब्ध गराउन नसकिएको तुलसीपुर उपमहानगरपालिकाका प्रमुख टीकाराम खड्काले बताउनुभयो । उहाँले भन्नुभयो- 'विपत् भइहालेको खण्डमा त्यसको व्यवस्थापन गर्ने हाम्रो जिम्मेवारी हो । नियमानुसार काम गर्छ तर त्योभन्दा अगाडिको अवस्थामा यस्तो हुँदैछ भनेका आधारमा पालिकामार्फत गर्न सकिने कुनै पनि कार्यक्रम छैन ।'

बढ्दै...

भएको छ । लागूऔषधका चालु आर्थिक वर्षका ३१ मुद्दा अदालत पठाइएको र १७ मुद्दाको अनुसन्धान भइरहेको दाङका प्रहरी प्रमुख वीरबहादुर वलीले जानकारी दिनुभयो ।

जिल्ला प्रहरी कार्यालय दाङले दिएको जानकारी अनुसार आर्थिक वर्ष २०७७/०७८ मा ७७ वटा जबर्जस्ती करणीका मुद्दा दर्ता भएका छन् । अर्को आर्थिक वर्षमा ७५ र चालु आर्थिक वर्षको हालसम्म ५८ वटा जबर्जस्तीकरणीका मुद्दा दर्ता भएका छन् । जसमा ४८ वटा फछ्र्यौट भई १० मुद्दा बाँकी रहेको जिल्ला प्रहरी कार्यालयको रेकर्डमा छ ।

दाङमा कर्तव्य ज्यानसम्बन्धी मुद्दा घट्दो अवस्थामा देखिएको छ । आर्थिक वर्ष २०७७/०७८ मा १९ वटा, ०७८/०७९ मा १५ र चालु आर्थिक वर्षको हालसम्म सातवटा कर्तव्य ज्यानमा मुद्दा दर्ता भएका छन् । जिल्ला प्रहरी कार्यालयको रेकर्डमा सवारी दुर्घटनाका मुद्दा भने बढ्दो क्रममा देखिएको छ । आर्थिक वर्ष २०७७/०७८ मा ५५ वटा, ०७८/०७९ मा ६७ र चालु आर्थिक वर्षको हालसम्म ३४ वटा सवारी दुर्घटनाका मुद्दा दर्ता भएका छन् । सवारी भवितव्य ज्यानतर्फ आर्थिक वर्ष २०७७/०७८ मा १३ वटा, ०७८/०७९ मा १९ र चालु आर्थिक वर्षको हालसम्म छवटा मुद्दा दर्ता भएका छन् । चालु आर्थिक वर्षको हालसम्म एक सय चार सवारी दुर्घटनामा ४२ जनाको ज्यान गएको छ भने एक सय ५४ जना घाइते भएका छन् । ३३ हजार छ सय सवारी कारवाहीबाट ट्राफिक प्रहरीले दुई करोड १९ लाख ४३ हजार राजश्व संकलन गरेको जनाएको छ ।

घट्दो अवस्थामा आत्महत्या

जिल्ला प्रहरी कार्यालय दाङको तीन आर्थिक वर्षको रेकर्ड अनुसार आत्महत्याका घटना घटेको देखिन्छ । आर्थिक वर्ष २०७७/०७८ मा आत्महत्याका दुई सय ४४ मुद्दा दर्ता भएका थिए । आर्थिक वर्ष ०७८/०७९ मा दुई सय २१ र चालु आर्थिक वर्षको हालसम्म एक सय ५६ आत्महत्या सम्बन्धी मुद्दा दर्ता भएको दाङ जिल्लाका प्रहरी प्रमुख ओलीले जानकारी दिनुभयो । जिल्ला प्रहरी कार्यालयको रेकर्डअनुसार आर्थिक वर्ष २०७७/०७८ मा एक सय ५२ वटा आत्महत्याका मुद्दा फछ्र्यौट भएका थिए । त्यसयता एउटा पनि आत्महत्याका मुद्दा फछ्र्यौट भएको देखिदैन । आर्थिक वर्ष २०७८/०७९ मा दुई सय २१ र चालु आर्थिक वर्षको हालसम्म एक सय ५६ मुद्दा फछ्र्यौट गर्न बाँकी छ । प्रहरीको तीन वर्षको रेकर्डमा तीन सय सात पुरुष र तीन सय १७ महिलाले आत्महत्या गरेका छन् । जसमा आर्थिक वर्ष २०७७/०७८ मा एक सय ४४ पुरुष, एक सय एक महिला, आर्थिक वर्ष ०७८/०७९ मा ७७ पुरुष, एक सय ४६ महिला र चालु आर्थिक वर्षमा ८६ पुरुष र ७० महिलाले आत्महत्या गरेका छन् ।

शिवम् आरोग्य केन्द्र

डा. पि.एन. झाद्वारा सञ्चालित शिवम् आरोग्य केन्द्रमा अरु थप उत्कृष्ट सेवा सुविधाका साथ प्रत्येक दिन बिरामी चेकजाँच भइरहेको जानकारी गराइन्छ।

डा. द्वारा दिइने सेवाहरु :

पुरुष : पुरुषको यौनसम्बन्धी सम्पूर्ण समस्याहरुको सफल उपचार, सिफलिस, गनोरिया, यौनांगबाट पिप बग्ने, पिसाब पोल्ने, यौन शक्तिमा कमी, शीघ्र स्खलन, धातु रोग, यौन चाहनामा कमी ।

महिला : महिलामा हुने सम्पूर्ण यौनजन्य समस्याको सफल उपचार, धातु रोग, पिसाब पोल्ने, संक्रमित यौनजन्य समस्या, घाउ, खटिरा, पानी बग्ने, महिनावारीमा समस्या, तल्लो पेट दुख्ने, ढाड दुख्ने आदि ।

छाला : छालासम्बन्धी सम्पूर्ण समस्याको सफल उपचार । डण्डिफोर, कालो चायाँपोतो, सेतोदुबी, एलर्जी, घाउ, खटिरा आदि ।

नि:सन्तानपन : महिला पुरुषमा हुने निसन्तानपन सम्बन्धी समस्याको सफल उपचार तथा परामर्श ।

अन्य रोगहरू : ग्याष्ट्रिक, अल्सर, पायल्स, फिसर, फिस्टुला, जण्डिस, तथा विभिन्न प्रकारका मानसिक समस्याको सफल उपचार ।

बिरामी चेकजाँच गर्ने समय : बिहान ७ बजेदेखि ५ बजेसम्म | **सम्पर्क फोन नं. :** ९८४४११८०१९, ९८०६२५१७९० | फोनबाट पनि नाम दर्ता गर्न सकिन्छ ।

हाम्रा सेवाहरू : ● दक्ष तथा अनुभवी डाक्टरद्वारा प्रत्येक दिन बिरामी चेकजाँच ● उत्कृष्ट प्याथोलोजी ल्याव ● फार्मेसी

सम्पर्क : **शिवम् आरोग्य केन्द्र**
घोराही, दाङ (यही साउन १७ गतेदेखि घोराहीको तुलसीपुरचोक महरा पेट्रोल पम्पबाट भित्रजाने गल्लीमा)
नोट : शनिवार तथा विदाको दिन पनि क्लिनिक खुल्ला हुनेछ ।

मानसिक तथा नशा रोग विशेषज्ञ डा. बिनोद पौडेल अब अभिषेक मेडिकल स्टोर्स, घोराहीमा

भरतपुर मेडिकल कलेजमा कार्यरत अति अनुभवी वरिष्ठ मानसिक तथा नशा रोग विशेषज्ञ डा. बिनोद पौडेलद्वारा चेकजाँच गरिने हुँदा समयमै आफ्नो नाम दर्ता गराई पुरानो भन्दा पुरानो रोगको सफल उपचार गराउनुहोस् ।

डाक्टरद्वारा दिइने सेवाहरू : १) निद्रा नलाग्ने, अर्धकपाली, माइग्रेन, टाउको र शरीर दुख्ने, पोल्ने, शिल्का हान्ने र झमझमाउने २) मन आत्तिने, उदास हुने, छटपटी लाग्ने, सास फेर्न गाह्रो हुने, मुटु धड्किने, रिंगाटा लाग्ने, घाँटीमा केही अड्केको लाग्ने, जोश-जाँगर नलाग्ने र थकाइ लाग्ने ३) जाँड, रक्सी, सुर्ती, गाँजा, चुरोट लागु औषध छुटाउने ४) सेक्स प्रति अरुचि ५) काम्ने, बेहोश हुने, डराउने, कमजोरी लाग्ने, शंका गर्ने, बर्बराउने, रिसाउने, झोंक्किने, पागलपन र एकोहोरोपन ६) छारे, मिर्गी, डिप्रेशन, एंगजायटी र अल्जाइमर ७) तनाव, चिन्ता, चाँडै बिर्सने बानी र सबै खाले दिमाग र नशा सम्बन्धी रोगको सफल उपचार ।

बिरामी जाँच हुने मिति : २०८० वैशाख ९, शनिबार, बिहान १० बजेदेखि बेलुका ५ बजेसम्म

पुनश्च : सर्जन डा. राजिव ढकाल द्वारा शल्यक्रिया सम्बन्धित सबै रोगहरुको र कन्सल्टेन्ट फिजिसियनद्वारा मेडिसिन सम्बन्धित सबै रोगहरुको दैनिक जाँच गरिन्छ । समयमै सम्पर्क गरी आफ्नो पुरानोभन्दा पनि पुरानो रोगको सफल उपचार गराउनुहोस् ।

फोनबाट पनि नाम दर्ता गरिन्छ ।

सम्पर्क: **अभिषेक मेडिकल स्टोर्स**
घोराही- १५ बालमन्दिर चोक (बालमन्दिरको सामुन्ने)
फोन नं. ९८४७९५७१९३, ९८१२८८९०२८

१००% थाँहै नदिई **जाँड रक्सी**
चुरोट, सुर्ति, ड्रग्स र ब्राउन सुगरको कुलतबाट छुटकारा चाहनुहुन्छ ?

- मोटोपन घटाउने तथा बढाउने (महिनामा २-१० KG)
- शरीरको उचाई बढाउने।
- गोरो र चम्किलो अनुहार बनाउन ।

हाडजोर्नी दुख्ने बाथ रोग र दम केवल एक हप्तामै आराम

- शीघ्र पतन रोक्ने, यौन उत्तेजना बढाउने र योनांगको विकास गराउने
- महिलाहरुको पेटमा रहेको सेतो धर्सा र चिरा हटाउने
- कपाल झर्न रोकी पुनः उमार्ने ।
- स्तन बढाउने, घटाउने र झोलिएकोलाई टाइट पार्ने
- अनुहारमा रहेको चायाँपोतो, डण्डिफोर, कालोकोठी, पुनः नआउने गरी हटाउने

नो साइड इफेक्ट

Fitness सम्बन्धी सम्पूर्ण मेशिन र कस्मेटिकसम्बन्धी सम्पूर्ण सामानहरु उपलब्ध छन्।

All about Diet and fitness Equipment Showroom १००% ग्यारेन्टी

ग्लोबल फिटनेश & लुजा

(सहिदगेट माछापुच्छ्रे बैंक बसेको भवन) घोराही, दाङ ०८२-६१५१९६, ९८४४९५०६१९, ९८१८२६६७२०

कर्णाली विकास बैंक भएको भवन क लाइन तुलसीपुर, दाङ फोन : ०८२-५२२८२०, ९८४७८९१२५४

कम्पनीको आधिकारिक डिलरबाट मात्रै सामान खरीद गर्नुहोला।

www.facebook.com/globalfitness&luza

घडेरी बिक्रीमा

दोघरेस्थित तुलसीपुर उद्योग वाणिज्य संघको सभाहलसँग सटेको ८ मिटर मोहडा र १७ मिटर पिछवाड भएको आकर्षक घडेरी बिक्रीमा भएकोले इच्छुक व्यक्तिले तु. सम्पर्क गर्नुहोला ।

सम्पर्क नं.: ९८२२९०३३९८

सम्झनुहोस्

शिक्षक तथा विद्यार्थी हाजिरी रजिष्टर, कक्षा १-३ विद्यार्थी मूल्यांकन, बालविकासको पाठ्यक्रम र अभिलेख, कक्षा ४,६,७,९ को आन्तिरिक मूल्यांकन फाराम, कक्षा १-३,४,६,७,९ को वार्षिक मूल्यांकन, शिक्षक विदा रेकर्ड रजिष्टरलगायतका छपाईसम्बन्धी सम्पूर्ण कार्यका लागि सम्झनुहोस् ।

शिवशक्ति अफसेट प्रेस
घोराही-१६ सर्रा, दाङ
बिक्री कक्ष: विद्युत कार्यालय पछाडि
मो. ९८५४०३०८९४, ९७४८७२३८७१

लुम्बिनी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
सडक पूर्वाधार विकास कार्यालय
लिवाङ, रोल्पा

ठेक्का अन्त्य गरिएको सम्बन्धी सार्वजनिक सूचना !

प्रकाशित मिति: २०८०।०१।११

यस कार्यालयअन्तर्गत रोल्पा जिल्लामा सञ्चालित ठेक्का नं. RIDO/ROL/W/Ro/NCB/078/79-24, Construction of Libang Sallibot Ugha Dhaulawang Road Rolpa का लागि निर्माण व्यवसायी श्री ति.ई.भ्. निर्माण सेवा, मिझिङ-५, रोल्पा र सडक पूर्वाधार विकास कार्यालय, रोल्पाबीच मिति २०७९।०१।०७ मा ठेक्का सम्झौता भई मिति २०७९।०३।१० मा निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा सो हुन नसकी प्रथम तथा अन्तिम पटकका लागि म्याद थप गरिएको र थपिएको म्याद समेत मिति २०७९।११।२४ मा समाप्त भई सकेको, निर्माण व्यवसायीलाई लिखित तथा मौखिक रुपमा कार्य सम्पन्न गर्न पटक-पटक अनुरोध गर्दा पनि निजले ठेक्का सम्झौताका शर्तहरु बमोजिम आफ्नो करारीय दायित्व पूरा नगरेको तथा स्वयं निज निर्माण ब्यबसायीले काम गर्न नसक्ने व्यहोराको पत्र समेत प्राप्त भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(२) अनुसार ठेक्का सम्झौताको GCC ७२ मा भएको व्यवस्था र सारभूतरुपमा उक्त निर्माण ब्यबसायीबाट ठेक्का सम्पन्न नहुने परिस्थिति निज निर्माण व्यवसायी स्वयंबाट सिर्जना भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) समेतको आधारमा ठेक्का अन्त्य (Terminate) गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ । यसर्थ ठेक्का सम्झौताको GCC ७२.६ बमोजिम निर्माण व्यवसायीलाई यथाशिघ्र कार्यस्थल छोड्न अनुरोध गरिन्छ । साथै सोही सम्झौताको GCC ७५.१ बमोजिम भुक्तानी हुन बाँकी स्वीकार्यरुपमा सम्पन्न भईसकेका कुनै कार्य भएमा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्रमा निर्माण व्यवसायीलाई यस कार्यालयमा सम्पर्क राखी वित्तीय फरफारक गर्न समेत अनुरोध गरिन्छ ।

नि. कार्यालय प्रमुख

घोराही उपमहानगरपालिका
घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

सम्पूर्ण नगरबासीहरुमा घोराही उपमहानगरपालिकाको अनुरोध

स्थानीय तहले व्यवसाय कर लिनसक्ने संवैधानिक तथा कानुनी व्यवस्था बमोजिम घोराही नगर क्षेत्रभित्र सञ्चालन भइरहेका सबै प्रकृतिका नाफामूलक व्यवसायहरु नजिकको वडा कार्यालय वा नगरपालिकामा आई सूचीकृत गराई व्यवसाय कर बुझाउनुहुन अनुरोध गरिन्छ । २०८० वैशाख मसान्तभित्र बक्यौता व्यवसाय कर बुझाएमा जरिवाना पूर्णरुपमा छुट गरिएको व्यहोरा जानकारी गराइन्छ ।

साथै मिति २०८०।०१।०५ देखि १२ गतेसम्म व्यवसाय दर्ता, नवीकरण तथा घरवहाल कर संकलनसम्बन्धी अभियान २०८० तपसिलको मिति र स्थानमा सञ्चालन भइरहेको व्यहोरा समेत जानकारी गराइन्छ ।

क्र.सं.	मिति	स्थान	वडा नं.
१.	२०८०।१।५	सब्जिमण्डीको उत्तरतर्फ राँगा मार्केट र बैंक रोड (नेपाल बैंकको उत्तरतर्फ)	१४
२.	२०८०।१।६	नेपाल टेलिकमदेखि आर्मी ब्यारेक	१४
३.	२०८०।१।७	बाल मन्दिरदेखि मिलनचोक	१५ र १४
४.	२०८०।१।८	रामपुर बजार	१ र २
५.	२०८०।१।१०	गोग्ली बजार	३ र ४
६.	२०८०।१।११	नारायणपुर बजार	१०
७.	२०८०।१।१२	नारायणपुर तथा खैरा बजार	१० र ११

घोराही उपमहानगरपालिका बजेट तथा राजस्व व्यवस्थापन शाखा
घोराही, दाङ

यौन हिंसाबाट बचौं र बचाऔं

- यौन हिंसा सामाजिक अपराध हो ।
- यस्तो हिंसा छिमेकी, आफन्त र नातेदारबाट समेत हुन सक्छ ।
- अभिभावकले आफ्ना छोराछोरीको व्यवहार ख्याल गरौं ।
- उनीहरुको चालचलन, बानी व्यवहारमा अस्वभाविक परिवर्तन आएको हुन सक्छ ।
- त्यस्तो पाइए तत्काल उनीहरुसँग कुरा गरौं ।
- बालबालिकालाई कुनै समस्या भए मन मिल्ने साथी वा अभिभावकलाई बताऔं ।
- घरका कोठा, आँगन, कौशी, बरण्डा, भान्सा, शौचालय एवं वरिपरि सफा राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

नयाँ युगबोध प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, संस्थापक एवं सल्लाहकार : नारायणप्रसाद शर्मा, अध्यक्ष तथा प्रबन्ध निर्देशक : प्रताप रेग्मी, सम्पादक : लक्ष्मी आचार्य, समाचार सम्पादक : जे.एन. सागर व्यवस्थापक: ऋषिराज पोखेल
मुद्रक : प्रतिभा अफसेट प्रेस, कार्यालय: घोराही दाङ, लुम्बिनी प्रदेश, नेपाल फोन : ०८२-५६००८४, ५६१३०३, ०८२-५६०९४८, शाखा कार्यालयहरु: तुलसीपुर- ५२०९४८, लमही- ९८५७८४०२४१, E-mail : yougbodh@gmail.com